# मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम कार्यविधि, २०८२

बेनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

# मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम कार्यविधि, २०८२

**प्रस्तावना**: बेनी नगरपालिकाको नगर क्षेत्रभित्र शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, श्रम तथा रोजगार, कला, साहित्य, भाषा, धर्म, संस्कृति र पुरातत्त्व, सामाजिक विकास र सवलीकरण लगायतका विषयहरूको व्यवस्थापनका साथसाथै नगर क्षेत्रभित्रका युवा/विद्यार्थीहरूको क्षमता विकास, अनुसन्धानमा सहयोग, आर्थिक रूपले पछाडी परेका र फरक क्षमता भएका व्यक्तिहरुको सशक्तीकरण एवं सामाजिक, आर्थिक, भौतिक विकास लगायत अन्य आवश्यक विषयहरूको समग्रहीत सुरक्षित गर्न बाञ्छनीय भएकाले बेनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन्, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपश्चात् लागू हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. **परिभाषा**:

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**:

क) "मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम" भन्नाले नगरक्षेत्र भित्र मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम अन्तर्गत छनोट भई प्रत्येक वर्षको विनियोजन ऐन बमोजिम कार्यालयको लागि विभिन्न शीर्षकमा खर्च गर्ने गरी सञ्चालन गरिने योजना, आयोजना तथा कार्यक्रम सम्झनुपर्छ ।

ख) "मेयर" भन्नाले बेनी नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्छ ।

ग) "उपमेयर" भन्नाले बेनी नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ङ) "युवा" भन्नाले १६ देखि ४० वर्षसम्मका नागरिकलाई जनाउनेछ र यस कार्यक्रममा समावेश हुने नगर क्षेत्रको स्थायी ठेगाना भएको युवा सम्झनुपर्छ ।

च) "विद्यार्थी" भन्नाले विद्यालय एवं विश्वविद्यालयहरूमा औपचारिक, अनौपचारिक रूपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालयबाहिर रहेका बालबालिका समेतलाई सम्झनुपर्छ ।

छ) "शाखा" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

ज) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ को उपदफा २ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

झ) "कार्यालय" भन्नाले बेनी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

ञ) "नगरपालिका" भन्नाले बेनी नगरपालिकालाई सम्झनुपर्छ ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

ट) "वडा कार्यालय" भन्नाले नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयलाई सम्झनुपर्छ।

ठ) "विनियोजित बजेट" भन्नाले बेनी नगरपालिकाबाट मेयरसँग सामाजिका विकास कार्यक्रम अन्तर्गत विनियोजित रकम र भविष्यमा विनियोजन र विभिन्न निकायबाट प्राप्त हुनसक्ने रकम समेतलाई सम्झनुपर्छ।

ड) "कार्यविधि" भन्नाले मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम कार्यविधिलाई सम्झनुपर्छ।

## परिच्छेद-३
## कार्यक्रमको उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाको शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, श्रम तथा रोजगार, कला, साहित्य, भाषा, धर्म, संस्कृति र पुरातत्त्व लगायत सामाजिक विकास र सवलीकरण गरी परिणाम मुखी बनाउने,

(ख) कार्यक्रम सञ्चालनको प्रक्रिया निर्धारण गर्ने,

(ग) पारदर्शी एवं जिम्मेवारमूलक ढंगले कार्यक्रमको सञ्चालन गर्ने र निर्धारित उद्देश्य हासिल गर्ने,

(घ) कार्यक्रम सञ्चालनबाट जनताको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा परिवर्तनको अनुभूति गराउँदै प्रतिफल प्राप्त गर्ने,

(ङ) सामाजिक, आर्थिक, भौतिक लगायतका जोखिमको न्यूनीकरण गर्ने,

(च) प्रचलित कानून बमोजिक कार्यक्रम सञ्चालन गर्ने।

## परिच्छेद-४
## कार्यक्रमको क्षेत्र, कार्यक्रम छनोट, निवेदन र कार्यान्वयन सम्बन्धी व्यवस्था

४. **कार्यक्रमको क्षेत्रः** यस कार्यविधि बमोजिम कार्यान्वयन हुने क्षेत्रहरू अनुसूची-१ मा व्यवस्था भए बमोजिम हुनेछ।

५. **कार्यक्रमको निवेदन र सिफारिसः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नका लागि अनुसूची-२ बमोजिमको निवेदन पेस गर्नुपर्ने छ।

(२) यस कार्यक्रमका प्राप्तिका लागि उपदफा (१) बमोजिमको निवेदन साथ सम्बन्धित वडा कार्यालयको सिफारिस समेत पेस गर्नुपर्नेछ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित संस्था/समूह/फर्म/सरोकारवालाको कागजातको प्रतिलिपि

ख) नगरपालिकामा तिरेको भुमिकर वा अन्य कर तिरेको प्रमाण भएमा मात्र

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

घ) संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी लगायत अन्य आवश्यक कागजातहरू।

६. **कार्यक्रम छनोट सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रम छनोटका आधार दफा ४ अन्तर्गतको अनुसूची १ बमोजिमका कार्यक्रम कार्यान्वयनका क्षेत्र भित्र रही छनोट समिति वा नगर प्रमुखले तोके बमोजिम हुनेछ।

(२) उपदफा १ बमोजिमका आधार र मापदण्ड बमोजिम कार्यक्रम छनोट गर्न देहाय बमोजिमको एक कार्यक्रम छनोट समिति रहनेछः

| | |
|---|---|
| क) नगर प्रमुख | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) योजना शाखा प्रमुख | -सदस्य |
| घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | -सदस्य सचिव |

(३) छनोट समितिमा आवश्यकता अनुसार सम्बन्धित विषयगत समितिका पदाधिकारी एवं शाखा प्रमुखहरूलाई सदस्यका रूपमा आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

७. **प्रगति प्रतिवेदन र अभिलेख राख्ने:** यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यविधिको प्रगति प्रतिवेदन र अभिलेख राख्ने कार्य शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ। प्रतिवेदन र अभिलेखको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ।

८. **कार्यक्रम कार्यान्वयन र खर्च सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम आवश्यकता अनुसार कार्यालय आफै वा मातहतका कार्यालय वा निकाय, सामुदायिक संघ संस्था, लाभग्राही समूह/ संघसंस्था वा उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली, संघीय एवं प्रदेश सरकार र नगरपालिकाबाट जारी आर्थिक कार्यविधि ऐन एवं मापदण्ड, मितव्ययिता सम्बन्धी निर्देशिका एवं अन्य प्रचलित कानून बमोजिम गरिनेछ।

(३) उपदफा (१) बमोजिम कार्यक्रमको खर्च लेखाङ्कन नगर प्रमुख निर्णय वा छनोट समितिको सिफारिसका आधारमा खर्च रकम उपलब्ध गराइनेछ।

९. आवश्यक कागजात र खर्च भुक्तानी प्रक्रिया: (१) भूक्तानीका लागि कागजात पेस गर्दा दफा ५ को उपदफा (१) बमोजिमका कागजातहरू सहित देहायका कागजात समेत पेस गर्नुपर्नेछ।

क) भुक्तानीका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

ख) युवा/विद्यार्थीको हकमा अध्ययनरत विद्यालय, संस्था वा विश्वविद्यालयको आवश्यक कागजातहरू।

ग) सोध, अध्ययन वा अनुसन्धान गरेको भए उक्त सोध, अध्ययन वा अनुसन्धानको प्रति।

घ) खरिद, सेवा वा निर्माणजन्य कार्य गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली बमोजिमका प्रक्रिया पुरा गरी आवश्यक बिल वा बिजकसहित कागजात पेस गर्नु पर्नेछ।

## परिच्छेद-५
## विविध

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

**१०.लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने**: (१) कार्यालयले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तह, गैर-सरकारी संस्था वा उपभोक्ता समितिसँग आवश्यकता अनुसार लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ। यस कार्यको लागि कार्यालयले सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको लागत साझेदारीको ढाँचा तथा प्रारूप छनोट समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**११. कार्यक्रमको अनुगमन र मूल्याङ्कन**: यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको अनुगमन र मूल्याङ्कन नगरपालिकाको अनुगमन समितिले आवश्यकता अनुसार गर्न सक्नेछ।

**१२.आवश्यक व्यवस्था मिलाउने**: (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा आई परेमा नगर कार्यपालिकाको कार्यालयले यस कार्यविधि विपरित नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

**१३.यसै कार्यविधि बमोजिम भएको मानिने**: (१) यसपूर्व नगर कार्यापालिका, नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतको निर्णयानुसार भएका मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम अन्तर्गत भएका कामकारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**१४. कार्यविधि संशोधन**: यस कार्यविधि बमोजिक कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यविधिमा संशोधन गर्नुपर्ने आवश्यकता देखिएमा नगर कार्यपालिकाको बैठकबाट संशोधन गरी लागु गर्न सकिनेछ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

**मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम कार्यान्वयनका क्षेत्र**

१. सामाजिक पूर्वाधार निर्माण, धार्मिक एवं पर्यटकीय निर्माण र मर्मतजन्य कार्यहरू

२. विद्यालयको मर्मत सुधार र अन्य सामाजिक क्षेत्रका कार्यहरू

३. स्वास्थ्य क्षेत्रसंग सम्बन्धित मर्मत, सुधार र चालु प्रकृतिका कार्यहरू एवं स्वास्थ्य क्षेत्रसंग सम्बन्धित अनुसन्धानात्मक एवं क्षमता विकासका कार्यहरू

४. सामाजिक सांस्कृतिक एवं पुरातात्विक महत्वका कार्यक्रम तथा आयोजनाहरू

५. युवा तथा खेलकुद सँग सम्बन्धित कार्यहरू

६. श्रम तथा रोजगारसँग सम्बन्धित कार्यहरू

७. कला, साहित्य, भाषा र धर्मसँग सम्बन्धित कार्यहरू

८. विद्यालय वा शैक्षिक संस्था लगायत अन्य सामाजिक क्षेत्रको अध्ययन, खोज र अनुसन्धानात्मक कार्यहरू

९. क्षमता विकास गर्ने प्रकृतिका कार्यहरू

१०. युवा तथा खेलकुद सँग सम्बन्धित क्षमता विकासका कार्यहरू

११. आर्थिक रूपले पछाडी परेका र फरक क्षमता भएकाहरूका लागि कक्षा १२ सम्मको अध्ययन, खोज अनुसन्धान लगायतका कार्य गर्नका लागि आर्थिक सहयोग समेत गर्ने कार्यहरू

१२. छनोट समिति वा नगर प्रमुखले तोकेका अन्य विविध कार्यहरु ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

**मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रममा समावेश हुने निवेदनको ढाँचा**

मितिः २०८....।......।......

श्रीमान् नगर प्रमुख ज्यू,
बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेनी, म्याग्दी ।

विषयः- मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रममा समावेश गरिदिने सम्बन्धमा ।

यस बेनी नगरपालिकाको वडा नं. ..........., .................... मा तहाँ नगरपालिकाको मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम अन्तर्गत ........................................................ क्षेत्र भित्र रही कार्य गर्नका लागि म/हामी/हाम्रो संस्था/विद्यालय/समूह/............................ लाई .................. बराबरको रकम मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रम अन्तर्गत कार्यान्वयन गर्ने गरी समावेश गरिदिनुहुन अनुरोध गर्दछौं/छु ।

कार्यान्वयन गर्न चाहेको कार्यक्रमबाट हुने प्रभावः

१.

२.

३.

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

निवेदकको तर्फबाट

नामः

पदः

कार्यरत संस्था/समूहः

हस्ताक्षरः

सुरत के.सी.
नगर प्रमुख

अनुसूची-३

(दफा ७ सँग सम्बन्धित)

**मेयरसँग सामाजिक विकास/युवा विद्यार्थीसँग मेयर कार्यक्रमको प्रतिवेदनको अभिलेख ढाँचा**

आ.व. ............

| क्र.सं. | कार्यान्वयनको क्षेत्र | कार्यान्वयन भएको स्थान | कार्यक्रमको प्रमुख उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

प्रमाणित गर्ने
सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख